# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असोज ५ गते २०५५ साल (संख्या २३

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मानव अधिकार घोषणापत्र जारी भएको ५० वर्ष पुगेको उपलक्ष्यमा देहायबमोजिमको डिजाइन, नाप र तौल भएको चाँदीको स्मारिका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

रु. ५००।– को सिक्का

अग्र भागः– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५५ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भाग:– वरिपरि ६४ थोप्लाभित्र सबभन्दा माथि अर्ध गोलाकार रूपमा अंग्रेजीमा FIFTIETH ANNIVERSARY OF, त्यसभन्दा तल संयुक्त राष्ट्रसंघबाट स्वीकृत लोगो, त्यसभन्दा तल बायाँतर्फ नेपालीमा नेपाल रु. ५०० र दायाँतर्फ अंग्रेजीमा NEPAL Rs 500, त्यसको तल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अंग्रेजीमा ALL HUMAN RIGHTS FOR ALL त्यसको तल अंग्रेजीमा 1948-1998 रहो सबभन्दा तल अर्ध गोलाकार रूपमा अंग्रेजीमा THE UNIVERSAL DECLARATION OF HUMAN RIGHTS उल्लेख रहनेछ ।

| | | |
|---|---|---|
| दर | – | रु. ५००।– |
| तौल | – | २५ ग्राम ± ३०० मि. ग्राम |
| धातु | – | ६६६ टच चाँदी |
| व्यास | – | ३८ मि.मि. |
| सिरेशन | – | धर्सो भएको |
| स्तर | – | साधारण |
| अधिकतम निष्काशन | – | १०,००० थान |

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

## सूचना – २

सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ४८, अतिरिक्ताङ्क २५ (ग) मिति २०५५।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मालपोत कार्यालय सिन्धुपाल्चोकको नाममा रहेको सिन्धुपाल्चोक जिल्ला चौतारा गाउँ विकास समिति वडा नं. ८ को कि. नं. ६६१ को क्षेत्रफल रोपनी ८–१३–३–१ मध्ये क्षेत्रफल रोपनी ३–०–०–० नापी शाखा सिन्धुपाल्चोकको नाममा पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

१६६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## महिला तथा समाज कल्याण मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले समाज कल्याण ऐन, २०४९ को दफा ५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (२) को खण्ड (च) बमोजिमको समाज कल्याण परिषद्को सदस्य पदमा श्रीमती विजया शर्मालाई मनोनीत गरेको छ।

## सूचना २

श्री ५ को सरकारले समाज कल्याण ऐन, २०४९ को दफा ५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (२) को खण्ड (छ) बमोजिमको समाज कल्याण परिषद्को सदस्य पदमा डा. लक्ष्मीनारायण प्रसादलाई मनोनीत गरेको छ।

आज्ञाले,
रामेश्वर शाह
श्री ५ को सरकारको सचिव

९६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## भूलसुधार

खण्ड ४८, संख्या ४, मिति २०५५।१।२८ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनामा "निजामती सेवा ऐन, २०४९" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

कृषि मन्त्रालय ।

९६६



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार